नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

कोष तथा लेखा नियन्त्रक कार्यालय

चैनपुर, बझाङ्ग

☎०९२-४२१३६९,०९२-४२१०२४
✉bajhangkolenika@gmail.com
✉bajhang.dtco@fcgo.gov.np

प.स.-२०८२/८३
च.नं.-११५

मितिः २०८३/०३/०५
ने.सं. ११४६,तछलाथ्व तृतीया।

**विषय : निकासा भुक्तानी सम्बन्धमा।**

श्री जिल्लास्थित संघीय सरकारी कार्यालय, सबै।
श्री जिल्लास्थित प्रदेश सरकारी कार्यालय, सबै।
श्री जिल्लास्थित स्थानीय तह, सबै।
बझाङ्ग।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको मिति २०८३/०३/०२ को निर्णय अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा देहायबमोजिमको निर्णय भई आएकाले सोही अनुसार गर्नुहुन अनुरोध छ।

१. **भुक्तानी प्रणाली बन्द गर्ने सम्बन्धी**
   आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यहोरा अवगत नै छ। संघीय कार्यालयहरूको हकमा उपनियम (१) र (२) बमोजिम तथा प्रदेश र स्थानीय तहको हकमा उपनियम (७) बमोजिम भुक्तानी निकासा बन्द हुने र सो प्रयोजनको लागि प्रणालीहरू समेत बन्द रहने हुँदा सोही बमोजिम समयमै निकासा माग गरी कार्य सम्पन्न गर्नुहुन।

२. **अनुदान रकम फिर्ता र हिसाब मिलान**
   आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघीय सञ्चित कोषबाट स्थानीय तहहरूलाई सशर्त, समपूरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन गएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम चालु आर्थिक वर्षभित्रै संघीय सञ्चित कोष

कोष नियन्त्रक

☎०९२-४२१३६९,०९२-४२१०२४
bajhangkolenika@gmail.com
bajhang.dtco@fcgo.gov.np

(सम्बन्धित खर्च खाता) मा बैक दाखिला गरेको भौचर यस कार्यालयमा पेश गरी CGAS/TSA मा समेत फिर्ता समायोजन गर्नुहुन।

३. **नगद मौज्दात र बैङ्क सञ्चालन र समन्वय**

कार्यालयहरूले विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषतर्फ आर्थिक वर्षको अन्त्यमा कुनै पनि नगद मौज्दात नराख्नु हुन तथा नगदमा सङ्कलन भएको रकम बैङ्क दाखिला गर्नका लागि स्थानीय तहको आवश्यकता अनुसार आर्थिक वर्षको अन्तिम दिन सरकारी कारोबार गर्ने बैङ्कसँग बेलुका अबेरसम्म बैङ्क खुला राख्न आवश्यक समन्वय गर्नुहुन।

एकल खाता कोष (TSA) र Sub-National Treasury Regulatory Application (SuTRA) बाट जारी भएका राजस्व/धरौटी/विविध लगायतका चेकहरू चालु आर्थिक वर्षभित्रै अनिवार्य सटही गर्नुहुन।

४. **सामाजिक सुरक्षा रकम भुक्तानी व्यवस्थापन**

सामाजिक सुरक्षा बापतको चौथो किस्ता रकम असार महिनामा लाभग्राहीको खातामा जम्मा गर्दा विद्युतीय प्रणालीहरू (CGAS, TSA, NCHL र बैङ्क) मा अत्याधिक चाप (Load) पर्ने भएकाले देहायबमोजिम गर्नुहुन-

- सामाजिक सुरक्षा भत्ता बापतको रकम वि.स. २०८३ असार १५ गतेभित्र पूर्णरुपमा भुक्तानी लिईसक्नु हुन।
- सामाजिक सुरक्षा भत्ताको गोश्वारा भौचर र भुक्तानी आदेश ज्यादै ठूलो हुने तथा VRS-MIS प्रणालीबाट विवरण पठाउँदा प्रणाली अवरुद्ध हुने सम्भावना रहने हुनाले, यी कार्यहरू कार्यालय समयको अत्याधिक चाप हुने समय भन्दा अघि वा पछि हुने गरी गर्ने। साथै चौथो त्रैमासिकको भुक्तानी पठाउनु पूर्व लाभग्राहीको खाता अनिवार्य रूपमा Verification गरेर मात्र भुक्तानी आदेश पठाउनु हुन।
- CGAS/TSA मा Success भएको तर कुनै कारणवश लाभग्राहीको खातामा रकम जम्मा हुन नसकेमा स्थानीय तहले सम्बन्धित बैङ्कहरूसँग समन्वय गरी सम्बन्धित खर्च खातामा नै फिर्ता गर्ने व्यवस्था मिलाउने।

कोष नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
# कोष तथा लेखा नियन्त्रक कार्यालय
चैनपुर, बझाङ्ग

☎ ०९२-४२१३६९,०९२-४२१०२४
bajhangkolenika@gmail.com
bajhang.dtco@fcgo.gov.np

**५. समयमै भुक्तानी गर्ने व्यवस्था**

आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी गर्ने प्रवृतिलाई निरुत्साहित गर्न भुक्तानीयोग्य रकम सम्भव भएसम्म असार २० गतेभित्रै निकासा लिनुहुन।

**६. खाता लेखाङ्कन, वेमेल र हिसाब भिडान**

धरौटी, विविध र अन्य कोषहरूमा आम्दानी बाध्न बाँकी रहेका रकमका साथै पेश्की फिर्ता/फिर्ता रकम बैङ्क दाखिला भई प्रणालीमा पेश्की फिर्ता बाँकी देखिएका रकमलाई अनिवार्य रुपमा असार मसान्तभित्रै CGAS/TSA मा लेखाङ्कन गर्नुहुन।

(तेज बहादुर बोहरा)
कोष नियन्त्रक

कोष नियन्त्रक